# चैनपुर नगरपालिका

# स्थानीय राजपत्र

**खण्डः९, सङ्ख्याः३, मितिः२०८२ साल पौष १८**

## भाग-२

## चैनपुर नगरपालिका

### नगर कार्यपालिकाको कार्यालय

### कोशी प्रदेश, सङ्खुवासभा, नेपाल

चैनपुर नगरपालिकाको टोल विकास संस्था गठन, परिचालन तथा सञ्चालन कार्यविधि, २०७९ लाई संशोधन गर्न वाञ्छनीय भएकोले चैनपुर नगरपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७४ को दफा ४ बमोजिम कार्यपालिकाले यो कार्यविधि बनाएको छ ।

**सम्वत् २०८२ सालको कार्यविधि नं. ३(तीन)**

**कार्यपालिकाबाट स्वीकृत मितिः २०८२/०९/१८ गते**
**राजपत्रमा प्रकाशित मितिः २०८२/०९/१८ गते**

**१. संक्षिप्त नाम र प्रारम्भ**

क. यो कार्यविधिको नाम **"टोल विकास संस्था गठन, परिचालन तथा सञ्चालन (पहिलो संशोधन) कार्यविधि, २०८२"** हुनेछ।

ख. यो कार्यविधि कार्यपालिकाबाट स्वीकृत भई राजपत्रमा प्रकाशन भए पश्चात् लागू हुनेछ ।

ग. यो कार्यविधि चैनपुर नगरपालिकाका अन्तर्गत नयाँ गठन हुने टोल विकास संस्थामा लागू हुनेछ।

**२. मूल कार्यविधिको अनुसूची-३ मा संशोधनः** मूल कार्यविधिको अनुसूची-३ को **दफा(५)क बमोजिम कार्यपालिकाको** भन्ने शब्दको सट्टा **दफा(५) क बमोजिम निर्देशक समितिको** भन्ने शब्दहरू राखिएको छ ।

**आज्ञाले,**
**ओमकार प्रसाद न्यौपाने**
**प्रमुख प्रशासकीय अधिकृत**